म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३० मंगलबार १२ भदौ २०८० ने. सं. ११४३ गुलात्थ्व 29 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बकैयामा पहिरोले बस्ती जोखिममा, गाउँ नै अन्धकार





साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा पहिरोले घर बगाउँदा परिवारका अधिंकाश सदस्यको मृत्यु भएको घटना सेलाउन नपाउँदै बकैयामा फेरि पहिरोले बितण्डा मच्चाएको छ ।

साउन तेस्रो हप्ता अविरल वर्षाको कारण बिहान ४ बजे गएको पहिरोमा परी ७ जान बेपत्ता भएकोमा १ जना मात्रै बाँच्न सफल भएका थिए । बागमती गाउँपालिका-५, सिक्रेदोभानमा पहिरोले घर बगाउँदा बेपत्ता २ जनाको शव अझै फेला परेको छैन । पहिरोले बगाएका सिन्धुली हरिहरपुर-१ कोकटीका बस्ने १७ बर्षीय पासाङ घिसिङलाई मंगलबार बेलुका जीवितै उद्दार गरिएको थियो ।

बागमतीमा पहिरोले ठूलो मावनीय क्षति पुऱ्याएसँगै मनसुन सक्रिय रहेकाले विपदको जोखिम हटिसकेको छैन । आइतबार बकैया गाउँपालिकामा पहिरो जाँदा पनि आधा दर्जन परिवार थातथलो छोड्न बाध्य भएका छन् । बकैया गाउँपालिका-१२ मा आधा दर्जन घर परिवारको उठिबास भएको हो । पहिरोले बकैया-१२, धेक्रेकी सीता स्याङतानको घर बगाएको वडाअध्यक्ष ज्ञानेन्द्र बजगाईंले जानकारी दिए । मानवीय क्षति नभएपनि घर क्षति हुँदा अन्नवाली, लत्ताकपडा सबै पहिरोमा पुरिएको छ ।

पहिरोका कारण वडाका आधा दर्जन घरहरु जोखिममा रहेका छन् । स्थानीय पेमा लामाको घरमा पानी छिरेको, तीनघरेकी रीता घलेको घर लड्ने गरी धराप अवस्थामा रहेको वडाअध्यक्ष बजगाईले बताए । भौगोलिक विकटताका कारण जोखिम रहेका क्षेत्रमा पुग्न नसकिएको वडाध्यक्ष बजगाईंले बताए । विद्युत अवरुद्ध हुने जानकारी लिनसमेत असहज भइरहेको उनको भनाई छ ।

अविरल वर्षाका कारण आइतबार बस्तीको माथिबाट आएको पहिरोले बकैया-१२ कोलखोपमा रहेको मितेरी पावरप्लान्ट बगाएको छ । वडाध्यक्ष बजगाईंले पहिरोले गाउँ नै जोखिममा रहेको र पावर प्लान्ट बगाउँदा अन्धकार भएको जानकारी दिए । पहिरोले पावर प्लान्ट बगाएपछि अहिले गाउँ अन्धकारमय भएको हो । पावर प्लान्टमार्फत १२ नम्बर वडाको कोलखोप, सिमपानी, महादेवडाँडा, चपकी, रातोमाटे, नियाले, चारघरेका स्थानीय प्रभावित बनेको वडाध्यक्ष बजगाईंले जानकारी दिए ।

बकैया गाउँपालिकाको अधिकांश क्षेत्र भौगोलिक रुपमा विकट छ । जसकारण बकैया खोला वरपर पनि बस्ती भएकाले बकैयामा पहिरो र बाढीको उच्चजोखिम छ । बकैया चट्याङको पनि जोखिम क्षेत्र हो । यसअघि १२ नम्बर वडामै चट्याङले एक जनाको मृत्यु भएको थियो । जिल्लामा बकैयामात्र नभई १० वटै स्थानीय तह पहिरो र बाढीको जोखिममा छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मनसुनका कारण हुने पहिरोको जोखिममा देशभरबाट ३२ जिल्ला र उच्चजोखिममा २२ जिल्ला छन् । जसमध्ये मकवानपुर पनि पहिरो र बाढीको जोखिममा छ ।

मकवानपुरको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिका पहिरोको उच्चजोखिममा छन् ।

हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन् भने थाहा नगरपालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुरगढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेका छन् ।

पूर्वीक्षेत्रस्थित बागमतीको बागमती नदीसहित चौराखोला र दर्जन बढी चुरेबाट झर्ने खहर खोलाको कारण यहाँ वर्षेनि सयौं हेक्टर जमिन कटान हुनुको साथै मानवीय क्षति हुने गरेको छ ।

पश्चिम मकवानपुरको मनहरी, राक्सिराङ तथा कैलाश गाउँपालिकामा रहेका मनहरी खोला, लोथर खोला तथा राप्ती खोलाले वर्षेनी ठूलो मात्रामा जमिन कटान गर्नुको साथै बस्तिमा खोला पस्ने समस्या रहेको छ । जिल्लाकै पहाडी क्षेत्रमा पहिरोको जोखिम छ । हरेकवर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिम वहन गरिरहेको मकवानपुरमा २०७८ सालमा स्थानीय तहले २ हजार १ सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अतिजोखिममा रहेका जनाएका थिए । जसमध्ये करिब १ हजार ३ सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका थिए । तर, २०८० असारसम्म आइपुग्दा व्यवस्थित स्थानान्तरणको काम हुन सकेको छैन ।

बकैया गाउँपालिकाको-६ वटा वडामा पहिरो जोखिम छ । फास्ट ट्र्याकको बाटो निर्माण भइरहेको गाउँपालिकामा बाटो निर्माण गर्दा सावधानी नअपनाएकाले ८० घर जोखिममा रहेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाको अनुसार ठूलो संख्यामा स्थानीयको ज्यान नै जोखिममा हुँदा पनि सम्बन्धित निकाय मौन छ । बस्ती स्थानान्तरमा सरकारले ध्यान नदिँदा नागरिकले विपद्बाट ज्यान गुमाउनुका साथै थातथलो नै छोड्नुपर्ने बाध्यता आइलागेको छ । २०७२ सालको भूकम्पपछि मकवानपुरमा बाढी तथा पहिरोका घटना बढी हुन थालेका छन् ।

# सिंह पूर्वाधार विकास समिति सभापतिमा निर्विरोध

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ मकवानपुरका प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंह प्रतिनिधिसभाको विषयगत समिति पूर्वाधार विकास समितिको सभापतिमा निर्विरोध निर्वाचित भएका छन् ।

सोमबार प्रतिनिधि सभाको १० वटा विषयगत समितिको सभापति चयन गर्न निर्वाचन भएको थियो । निर्वाचन प्रक्रियाअनुसार राप्रपा सांसद सिंहको विकास समितिमा एकल उम्मेदवारी परेपछि सभामुख देवराज घिमिरेले सभापतिमा चयन भएको घोषणा गरेका थिए । प्रतिनिधिसभाको महत्वपूर्ण विषयत समितिको सभापति हुने सिंह मकवानपुरको थोरै नेतामध्ये पर्छन् । अघिल्लो कार्यकालमा अर्थ विकास समितिको सभापतिमा मकवानपुरका सांसद कृष्णप्रसाद दाहाल थिए । ४ मंसिर २०७९ मा भएको प्रतिनिधि सभा निर्वाचनमा सिंह मकवानपुर क्षेत्र नम्बर १ बाट निर्वाचित भएका थिए ।

गठबन्धनको भागबण्डा लाग्दा विषय समितिमा राप्रपाले एउटा समिति पाएपछि सिंहको सभापति बन्ने बाटो खुलेको थियो । गठबन्धनभित्रको भागबण्डामा विकास समिति माओवादी केन्द्रको भागमा परेको थियो । राप्रपाले कोशी प्रदेश सरकारलाई समर्थन गर्ने सहमति जनाएपछि मओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राप्रपालाई विकास समिति दिएको चर्चा छ । तर, कुनै सहमति गरेर समितिको सभापति नलिएको सिंहले दाबी गरेका छन् । सिंहले सोमबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् ।

संसदीय समितिहरुले कानून निर्माणका साथसाथै सरकारका काम कारबाहीको निगरानी गर्ने गर्दछन् । प्रधानमन्त्रीदेखि मन्त्रीहरुलाई डाकेर समितिहरुले प्रष्टीकरण लिन पाउँछन् भने सरकारको कामको निगरानी गर्ने गर्छन् । संसदीय समितिका सभापतिले राज्यमन्त्रीसरह तलब सुविधा पाउँछन् । समिति सभापतिले मासिक ६९ हजार ३० रुपैयाँ तलब पाउँछन् भने २५ हजार ६ सय ५८ रुपैयाँ घरभाडा प्राप्त गर्छन् । काठमाडौं उपत्यकामा घर भएका समिति सभापतिहरुले भने त्यसको आधा रकम घर मर्मतका लागि पाउँछन् । त्यस्तै धारा बिजुलीका लागि २ हजार र सञ्चार सुविधाका लागि ३ हजार सुविधा पाउँछन् । त्यस्तै अतिथि सत्कारका लागि १ हजार रुपैयाँ पाउँछन् ।



समितिका सभापतिलाई सचिवालय सुविधादेखि गाडी, तेल सुविधा संसद सचिवालयले प्रदान गर्छ । समिति सभापतिले उपसचिव तहको कर्मचारी, कम्प्युटर अपरेटर राख्न पाउँछन् । त्यस्तै, दुईवटा ड्राइभर, दुईवटा कार्यालय सहयोगी राखन पाउँछन् । गार्डघरको सुविधासमेत पाउँछन् । त्यसैले संसदीय समितिको सभापति बन्न पूर्वमन्त्रीहरु समेत तयार हुने गरेका छन् । विगतमा समितिका सभापतिलाई गृह मन्त्रालयले व्यक्तिगत सुरक्षाकर्मीसमेत उपलब्ध गराएको थियो ।

यसैगरी, सोमबार सिंहदर बारस्थित कृषि समितिको हलमा आयोजित विशेष कार्यक्रममा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसदीय समितिका नवनिर्वाचित सभापतिहरुलाई पद तथा गोपनीयताको शपथ खुवाएका थिए । राज्य व्यवस्था समितिको सभापतिमा कांग्रेसका रामहरि खतिवडा, कृषि सहकारी तथा वातावरण समितिमा डा. आरजु राणा देउवा, अर्थ समितिमा सन्तोष चालिसे, महिला समितिमा एमालेका किरण साह, लेखा समितिमा ऋषिकेश पोखरेल, कानुन न्याय तथा मानवअधिकार समितिमा माओवादी केन्द्रकी विमला सुवेदी, स्वास्थ्य तथा शिक्षा समितिमा नेकपा एकीकृत समाजवादीका भानुभक्त जोशी, अन्तराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जसपा नेपालका राजकिशोर यादव र उद्योग, वाणिज्य तथा श्रम उपभोक्ता हित समितिको सभापतिमा जनमत पार्टीका अब्दुल खान चयन भएका छन् ।

# लोथरमा पेट्रोल पम्पको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-६ लोथरमा अत्याधुनिक सुबिधा सम्पन्न पेट्रोल पम्पको उद्घाटन गरिएको छ ।

नेपाल आयल निगम लिमिटेडको आधिकारिक बिक्रेता संजय फिलिङ स्टेसनले सोमबारबाट पेट्रोल पम्प सञ्चालनमा ल्याएको हो । सोमबार बिहान एक कार्यक्रमकाबीच मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले पेट्रोल पम्पको उद्घाटन गरेका हुन् । नेपाल आयल निगमको मापदण्ड अनुसार नै पेट्रोल पम्प स्थापना गरिएको बताइएको छ ।

स्टेसनका सञ्चालक बिदुर रिजालका अनुसार नमूना पेट्रोल पम्प १ लाख ६ हजार (डिजेल ९० हजार र पेट्रोल १६ हजार) लिटर क्षमताको रहेको छ । उनले पम्पमा ७ करोड रुपैयाँ एकल लगानी रहेको बताए ।

रिजालले पम्पसँगै डिपार्टमेन्ट स्टोर र कफीसप पनि सञ्चालन गरिएको बताए । पम्पमा १० जनाले रोजगारी पाएका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**सूचना ! सूचना ! सूचना !**

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप ( High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरु :**
- ECHO मुटुको भिडिओ एक्स-रे सेवा
- E.C.G. भिडिओ एक्स-रे सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुती सम्बन्धी सेवा
- नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

*सम्पर्क :*
**मकवानपुर पोलिक्लिनिक**
हेटौंडा-०१, भिन्तुनापथ
(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)
सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४

साझाकुरा

## हाम्रो कुरा

# थाहानगरको पर्यटकीय गन्तव्य

थाहा नगरपालिकाको पर्यटकीय गन्तव्यको प्रारम्भिक विवरण संकलन गरिएको छ । थाहाको सम्पूर्ण वडा कार्यालयसँग पर्यटकीय गन्तव्य र प्रकार समेत खुल्ने गरी विवरण संकलन गरेको हो । संकलित विवरण अनुसार थाहानगरभित्र पर्वतीय, जल, धार्मिक, साहसिक र अन्य गरी कूल ११६ गन्तव्यहरु रहेका छन् । विवरण अनुसार जल पर्यटकीय गन्तव्य ५ वटा, साहसिक पर्यटकीय गन्तव्य ४ वटा, अन्य पर्यटकीय गन्तव्य १२ वटा पर्वतीय पर्यटकीय गन्तव्य ३४ वटा र सबैभन्दा बढी ऐतिहासिक र धार्मिक पर्यटकीय गन्तव्य ६१ वटा गरी कूल ११६ पर्यटकीय गन्तव्यहरु थाहामा रहेका छन् । तथ्यांकमा आएका कुल ४ वटा साहसिक गन्तव्यमध्ये वडा नं. ५ मा २ वटा र वडा नं. ७ र ८ मा १/१ वटा रहेका छन् । तीमध्ये वडा नं. ५ मा प्याराग्लाईडिङ-ठूलो फाकल (परीक्षण भईरहेको) र दुरुङखोला गुफा छन् भने वडा नं. ७ को कुईभिर बन्जिजम्प (सम्भावना भएको) र वडा नं. ८ मा सप्तकन्या गुफा रहेको छ ।

मौलिक परम्परा र संस्कृतिको छुट्टै पहिचान बोकेको वडा नं. १ को कुन्छाल गाउँ, वडा नं. ६ स्थित ऐतिहासिक अंशुवर्माको शिलालेख, कोतदरबार, हल्थुम दरबार, ३ वर्षे बज्रबाराही जात्रा, १२ वर्षे नाच, वडा नं. ८ स्थित घोक्से राजाको भग्नावशेष दरवार, देवीस्थान बुद्धपार्क, हाँडीखोला झोलुङ्गे पुल, वडा नं. ११ स्थित वनस्पति उद्यान, तामाङ संग्रहालय, खुकुरीपार्क लगायत थाहाका अन्य रोचक पर्यटकीय गन्तव्यहरु हुन् । कोटथुम्की, कुटिप्वाकल, टिष्टुङवनस्पति उद्यान, रातोपोखरी, आकाशदेवीगढी, पातालेश्वर गुफा, झण्डा गाडेडाँडा, केशरी भञ्ज्याङ, मंगलेश्वर, भकारी ढुङ्गा, बँदेलआल, पाथिभरा, पर्वितीय ताल सीमभञ्ज्याङ, सुनगाभा पैदलमार्ग (दामन-सीमभञ्ज्याङदेखि ईन्द्रसरोवरसम्म) मुलाबारी चौर, बाराही वन, डाँडाबास पिकनिक स्पट, आग्रा चिनारी स्तम्भ, चौवास उन्युचौर, चिसापानी कैलाशडाँडा, मकल्चि पोखरी, वाथालाचुली, दामगाडे टावर पार्क, आईतबारे गुफा, बाख्राफार्म, चियाबगान, पोखरीचौर, आधामारा झरना जस्ता आकर्षक पर्वतीय पर्यटकीय गन्तव्यहरु थाहामा रहेका छन् । प्रसिद्ध ऋषेश्वर मन्दिर, पाण्डुकेश्वर मन्दिर, झम्केश्वर महादेव मन्दिर, देउराली गुम्बा, गोरखनाथ मन्दिर, पाण्डेश्वरी महादेव मन्दिर, बाराही मन्दिर, महादेवखर्क किटिनिचौर, कुटेश्वरी मन्दिर, साम्वा छोईलिङ गुम्बा, श्रीरम्बादेवी मन्दिर, स्वच्छन्दभैरव मन्दिर, सीतापाईला धार्मिक क्षेत्र, महाँकाल मन्दिर, नागदह मन्दिरलगायत ६१ वटा धार्मिक पर्यटकीय गन्तव्यहरु विवरणमा उल्लेख छन् ।

थाहा कला केन्द्रले थाहानगरका १२ वटै वडा कार्यालयलाई पर्यटकीय गन्तव्य उल्लेख गर्ने गरी पत्राचार गरेकोमा सबै वडाबाट वडाभित्रका पर्यटकीय गन्तव्यको नाम र वडाको मूख्य सडकदेखि गन्तव्य स्थलसम्मको दुरी समेत उल्लेख रहने गरी विवरण संकलन गरेको छ । 'पर्यटनका लागि फिल्म फेस्टिवल' भन्ने नारालाई आत्मसाथ गर्दै कला केन्द्रले थाहा फिल्म फेस्टिवल-२०२३ को लागि यो विवरण संकलन गरेको हो । आउँदो मंसिर ९ गतेदेखि १५ गते (७ दिनसम्म) थाहा नगरको जेसीज हलमा फिल्म फेस्टिवल गरिने भएको छ । सबैभन्दा महत्वपूर्ण कुरा पर्यटकलाई गरिने सत्कार हो । पर्यटक आकर्षण गर्ने भन्दा पनि सत्कार गर्ने कुरा महत्वपूर्ण हुन्छ । अतिथिलाई सत्कार गर्ने भन्दा पनि उकपटक मात्रै आउने त हो नि भनेर ब्यवहार गर्ने गरिएको छ । दामनलाई मकवानपुरले वा थाहा नगरले भन्दा पनि काठमाडौंका पर्यटन ब्यवसायीले भजाएका छन् । तेस्रो मुलुकका पर्यटकलाई काठमाडौंकै ब्यवसायीले घुमाउने गरेका छन् । दामनलाई हामीले हाम्रो पहिचान दिन सकेका छैनौं । यो बिषयमा थाहानगरका ब्यवसायीले गंभिर भएर सोच्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ १३ गते बुधबार ३० अगष्ट २०२३ । चतुर्दशी, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:४२, सूर्यास्त ६:२६ । श्री शिव-पवित्र रोपण । पुर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# धरान काण्डको पछिल्लो कडी



✍ मोहन तिम्सिना

स्थानीय चुनावमा निर्दलीय मेयरलाई जिताएर चर्चामा आएको धरान केही दिनयता 'गोरु काण्ड' का कारण चर्चित छ । गोरु काटेको आरोपमा प्रशासनले केही स्थानीयलाई केही समयअघि धरपकड गर्‍यो, मुद्दा चलायो । यसको जवाफमा केही व्यक्तिले विद्रोह स्वरूप 'गोरु काटेर सार्वजनिक भोज गरेको' भन्दै सामाजिक सञ्जालमा प्रचार गरे ।

जब यो विषय व्यापक भयो, वैदिक (हिन्दु) हरूले आफ्नो धार्मिक परम्पराको अपमान भएको महसुस गरे । गोरु काटिएको घटनाको विरोध गर्न ठूलो संख्यामा प्रदर्शनकारी धरान आउने तयारी गरे । यो थाहा पाएपछि सम्भावित अनिष्टलाई टार्न प्रशासनले २४ घण्टे निषेधाज्ञा नै जारी गर्नु पर्‍यो । अहिले धरान शान्त छ । अझै पनि मानिसहरू पक्ष र विपक्षमा विभाजित छन् । 'गोरु काण्ड' ले नेपाली समाजलाई कता लैजाला ? यसले कतै अन्तरधार्मिक द्वन्द्वको बीउ त रोपेन ? मानिसहरूले चिन्ता प्रकट गर्न थालेका छन् ।

वैदिकहरू आफ्नो धर्म परम्पराको अपमान भएको भन्दै असन्तुष्ट छन् । मुन्धुमीहरू, संविधानको मर्म विपरीत आदिवासी-जनजातिमाथि पञ्चायती शैलीमा प्रशासनिक दमन भएको भन्दै असन्तुष्ट छन् । यी चिन्ता र असन्तुष्टिलाई सम्बोधन गरिएन भने यही विषय भविष्यमा द्वन्द्वको कारक हुनसक्छ । यसतर्फ समयमै सबैको ध्यान जान जरूरी छ ।

धरानमा यसपालि जे भयो, यसमा सामाजिक सञ्जालको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । घटना यहाँसम्म विस्तार हुनुमा सामाजिक सञ्जालले पैदा गरेको भ्रम पनि धेरै हदसम्म जिम्मेवार देखियो । यसतर्फ पनि सम्बन्धित सरोकारवालाहरूले ध्यान दिन जरूरी छ । यो बाहेक दुवै पक्ष (प्रशासन र विद्रोही) को अतिवादी सोच पनि सच्याउन जरूरी छ ।

**घटनाको पृष्ठभूमि**

'गोरु काण्ड' धरानको लागि पहिलो घटना होइन । नयाँ संविधान घोषणा भएयता पटक-पटक यो विषयमा प्रशासन र स्थानीयबीच द्वन्द्व चलिरहेको थियो । यसपालिको घटना यसको पछिल्लो कडी मात्रै हो । तर गोरु काटिएको विषयलाई यसअघि प्रशासन बाहेक कसैले पनि विरोधको विषय बनाएको थिएन । यसपालि मात्र यो घटनाले यत्रो ठूलो रूप लियो । यसको पृष्ठभूमि धरानकै 'चर्च काण्ड' बाट सुरु हुन्छ । केही समयअघि विजयपुर क्षेत्रमा 'मन्दिरको छेउमै अवैधानिक तरिकाले चर्च बनाइएको' भन्ने विवाद देखा पर्‍यो । यसले वैदिकहरूलाई सशंकित बनाएकै थियो । यस मामिलामा धरानका मेयर हर्क साम्पाङले दिएको अभिव्यक्तिले पनि वैदिकहरूलाई झन् सशंकित बनायो । साम्पाङ 'चर्च बनेको विषयमा आफू केही नबोल्ने, अदालतले बोल्नुपर्ने' भनी तर्किएका थिए ।

उनको यो अभिव्यक्तिको सामाजिक सञ्जालमा व्यापक विरोध भयो । विरोधीले साम्पाङका फरक-फरक प्रसंगका फोटो जोडेर उनी इसाई समर्थक र हिन्दु विरोधी हुन् भन्ने देखाउन खुब प्रयास गरे । एकातिर क्रिसमसमा चुच्चे टोपी लगाएर केक काटेको फोटो र अर्कोतिर 'धर्म भनेको अन्धविश्वास हो' भन्ने उनको फेसबुक स्टाटसलाई एकठाउँ जोडेर उनलाई हिन्दु विरोधी देखाउन प्रयास गरियो ।

साम्पाङले यसबारे जे सफाइ दिए, त्यो पर्याप्त भएन । अर्कोतिर उनले विरोधीलाई जवाफ फर्काउने क्रममा 'बाहुन-क्षेत्रीले आफूलाई विरोध गरिरहेको' भन्ने गलत अभिव्यक्ति दिए । तब साम्पाङ विरोधीको ठूलो जमात तयार भयो । यही परिवेशमा 'गोरु काण्ड' पनि थपियो । मानिसहरूलाई लाग्यो, गोरु काण्डमा पनि मेयर साम्पाङकै हात छ । यो धेरै पुरानो विवाद हो । तर सामाजिक सञ्जालले यस्तो भ्रम पैदा गर्‍यो । मानिसहरूले धरानमा साम्पाङकै नेतृत्वमा हिन्दु धर्म विरोधी गतिविधि भइरहेको अर्थ लगाए । तब यत्रो विरोध प्रदर्शनको तयारी भयो ।

घटना अतिरञ्जित हुनुको दोस्रो कारण विद्रोहीहरूको क्रियाकलाप पनि हो । थाहा पाए अनुसार, धरानको 'गोरु काण्ड' का विद्रोहीहरू मुन्धुमी हुन् र मूलत: प्रशासनलाई चुनौती दिन गोरुको मासु खाएको प्रचार गरेका थिए । तर यसले हिन्दु जनमानसलाई चुनौती दिए जस्तो देखियो । केही 'धमिलो पानीमा माछा मार्न चाहने' हरूले यसलाई अतिरञ्जित बनाएर प्रचार गरे । परिणाम, एउटा ठूलो सामाजिक द्वन्द्व पैदा भए जस्तो भयो ।

**धर्मको सार**

संसारमा मूलत: दुई खालका धर्म छन् । एक खालका धर्म, स्वर्ग-नर्क भन्दा पर पूर्वजन्म, पुनर्जन्म र निर्वाण/मोक्षसम्म पुग्दछन् । अर्को खालका धर्म स्वर्ग-नर्कमै चक्कर लगाउँछन् । यिनीहरूमा पूर्वजन्म, पुनर्जन्म र निर्वाण/मोक्षको अवधारणा नै हुँदैन । हिमालय पर्वतीय सभ्यतामा जति पनि धर्म पैदा भए, तिनीहरू पहिलो खालका धर्म हुन् । जस्तो कि वैदिक, बौद्ध, जैन, मुन्धुम, बोन, शिख, कविर आदि । हिमालय पर्वतभन्दा बाहिर पैदा भएका यहुदी, इसाई र इस्लाम दोस्रो खालका धर्म हुन् । यद्यपि सबैको आ-आफ्नो मौलिकता र महत्व छ ।

धर्म भनेको जीव-जगतका स्वभावको सूक्ष्म नियमको खोज हो । यो खोजका उपाय अनेकन् छन् । यस अर्थमा मुन्धुम र वेद/वेदान्तमा केही भिन्नता होला । तर जीवन-जगतको स्वभावका विषयमा मुन्धुम र वेदको निष्कर्ष समान छ । यस अर्थमा वेद र मुन्धुम एक-अर्का विरोधी होइनन् । यी फरक नदी अवश्य हुन् । तर यिनीहरूको मुहान एउटै हो । यी दुवैको अभिमुखीकरण एउटै छ । त्यसकारण वैदिक र मुन्धुमीबीच दूरी होइन, निकट सहकार्य नै उपयुक्त हुन्छ । वैदिकहरूले विगतमा गाईको मासु खान्थे भन्ने केही भौतिकवादी विद्वानका कुरा पनि सही होइनन् । वेदविज्ञहरूले वेदका केही शब्दहरूलाई हिंसापरक अर्थ लगाएको कुराको खण्डन गरेका छन् । जस्तो कि 'मेध' शब्द हिंसापरक होइन, यज्ञको पर्याय हो । दर्शपूर्णमास, सोमयज्ञ, अग्निष्ठोम, वाजसेय, राजसूय, सौत्रामणि आदि यज्ञ यजुर्वेदको मन्त्रैमा आउँछन् । मेध शब्दको प्रयोग गरेर जुन यज्ञको प्रकरण त्यसमा उल्लेख गरिएको छ, तिनीहरूमा अश्वमेध, पुरुषमेध, सर्वमेध, पितृमेध आदि शब्द आउँछन् । यी शब्दको अर्थ हिंसा होइन ।

वेदमा गौ (गाई) सम्बोधन पोषणदायक दिव्यशक्तिको रूपमा प्रयोग भएको छ । अश्व (घोडा) शब्दलाई तीव्र गतिमा संचार हुने तत्वका अर्थमा प्रयोग गरिएको छ । यसै परिभाषा अनुसार वेदले किरण, अग्नि, सूर्य र ईश्वरसम्मलाई अश्व (घोडा) भनेको छ । वेदमा प्रयोग भएका यस्ता बिम्बहरूले पदार्थका मूलभूत गुण-धर्मलाई व्याख्या गर्दछन् । वेदविज्ञहरू भन्छन्, यदि मेध शब्दको अर्थ हिंसा हुन्थ्यो भने पितृमेध भन्ने शब्द हुन्नथ्यो । अश्वमेध वास्तवमा शुद्ध सात्विक आध्यात्मिक प्रयोग नै हो । वीर्य वा अश्व शब्द मनुष्यको पुरुषार्थ हो । त्यसलाई दिव्य मेधाले संचालित गर्नु नै अश्वमेध हो । यो प्रयोग जब विराट स्तरमा वा राष्ट्रिय स्तरमा गरिन्छ तब आदर्श राष्ट्र बन्दछ भन्ने मान्यता हो ।

'अश्वमेध: यच्चन्द्रमा:' भनेर सूर्य र चन्द्रलाई पनि अश्वमेध भनिएको छ । त्यसैले अश्वमेध मानवीय पुरुषार्थलाई दिव्य चेतनाले संचालित गर्ने एक सूक्ष्म वैज्ञानिक प्रक्रिया हो । सर्वमेधको अर्थ आत्मालाई परमात्मामा समर्पण गर्नु हो । पुरुषमेध भन्नाले आदर्श समाजमा कुन प्रकारका व्यक्तिलाई कहाँको काममा नियुक्त गर्ने भन्ने निश्चित गर्नु हो । यसरी वेदविज्ञहरूले मेध शब्दको हिंसापरक अर्थको खण्डन गरेका छन् ।

अर्को रोचक कुरा, वैदिक धर्मका लागि देवता र भगवान एउटै चिज होइनन् । वैदिक धर्मले देवतालाई श्रद्धा गर्नुपर्ने कुरा त गर्दछ तर देवतालाई पुजेर भगवान (भगवत्ता) प्राप्त हुँदैन भन्ने कुरामा पनि उत्तिकै जोड गर्दछ ।

कृष्ण व्यक्ति होइन बिम्ब हुन् । निरपेक्ष सत्य (भगवान) रूपी प्रतीक पात्र हुन् । देवलोक र परमधाम पनि यस्तै बिम्ब हुन् । जसले मृत्युपछिको जीवनको गुणस्तरतर्फ संकेत गर्दछन् । देवलोक भन्नाले सकार (पुण्य)को लोभ भएको अज्ञान अवस्था । परमधाम भन्नाले सकार (पुण्य) र नकार (पाप) को द्वैतबाट मुक्त (परमज्ञान) भएको मुक्त अवस्था ।

मानिसका लागि भौतिक तत्व 'साधन' हुन् 'साध्य' होइनन्, मानिसले 'साधन' लाई 'साध्य' मान्ने भूल गर्नुहुँदैन भन्ने हो । गाई वा अन्य सबै प्रकारका प्राणी र भौतिक वस्तु श्रद्धायोग्य साधन (देवता) हुन् तर साध्य (परमज्ञान/मोक्ष/निर्वाण) होइनन् भन्ने नै हो ।

**धर्मको मर्म**

समुदायको खाद्य परम्परा बिल्कुलै सामाजिक परिवेशको उपज हो । मैदानी इलाकामा फैलिएको वैदिक समुदायका लागि हावापानी र अन्न उत्पादन सहज थियो । उक्त सभ्यताका लागि गाई/गोरु महत्वका चिज भए । आयुर्वेदले गौमूत्र र दूधको औषधीय गुण पनि थाहा पायो । त्यसकारण उनीहरूले गाईलाई देवता (श्रद्धा गर्नुपर्ने भौतिक वस्तु) माने । बौद्ध पन्थ मूलत: अहिंसामा आधारित छ । तैपनि जब यो कठिन हिमाली/पहाडी इलाकातिर विस्तार भयो, तब यसमा पनि मांसाहारी परम्परा पैदा भयो । मुन्धुम पनि हिमाली/पहाडी समुदायको धर्म भएकाले यसभित्र मांसाहारले प्रवेश गरेको हो । यद्यपि आजसम्म आउँदा मुन्धुम भित्र पनि शाकाहारी पन्थ पैदा भएका छन् ।

विभिन्न पन्थहरूमा पैदा भएका शाकाहारी वा मांसाहारी खाद्य परम्परा, धर्मका कारणले होइन, मौसम र भौगोलिक परिवेशका कारणले पैदा भएका हुन् । जहाँ अत्यधिक चिसो र अन्न फलाउन कठिन अवस्था भयो, त्यहाँका धार्मिक समुदायमा मांसाहारको परम्परा स्थापित भयो । नत्र सबैखाले धर्मले प्राणी हत्यालाई नाजायज नै भन्दछन् ।

वैदिक धर्ममा गाई मात्र होइन, कुकुर, काग, सर्प, हात्ती, बाँदर लगायत सबै प्रकारका प्राणीलाई देवता मान्ने चलन छ । खोला, पहाड, हिमाल, सूर्य, चन्द्रमा आदिलाई पनि देवता नै मानिन्छ । तर वैदिक ग्रन्थहरूले कहिल्यै संकीर्णता देखाएका छैनन् । बरु विश्वभरका सबै खालका मानिसलाई समव्यवहार गर्ने कुरामा जोड गरेका छन् । चिन्तन र संस्कृतिमा समावेशीकरण, वैदिक नीतिशास्त्रको खास विशेषता हो । मुन्धुम लगायत हिमालय पर्वतीय सभ्यताका अन्य धर्मभित्र पनि यो सार अभिव्यक्त छ । यसकारण वैदिक र मुन्धुमीहरूले आपसमा दूरी बढाउन जरूरी छैन । बरु धर्मको यो मर्मलाई आत्मसात् गर्न जरूरी छ ।

**दुई अति**

विगतको राज्यको चरित्र नै साम्प्रदायिक थियो । त्यसकारण हिन्दु इतर समुदाय माथि इतिहासमा खाद्य परम्पराकै निहुँमा पटक-पटक दमनका शृंखला चले । हाल परिवेश केही बदलिएको पक्कै हो । आज नेपालका घना मुस्लिम तथा जनजातीय बस्तीभित्रको खाद्य संस्कृति कस्तो छ ? यो त्यहीका मानिसलाई मात्र थाहा छ । प्रशासनले खोज्दै गएको पनि छैन । कसैले 'हामीले यो खायौं' भनेर देखाएको पनि छैन ।

केही समययता धरानमा मात्र यो विवाद पैदा भइरहेको छ । यसमा राज्य र विद्रोही दुवै पक्षका दोष छन् । राज्यको दोष के हो भने, संविधान नै पाश्चात्य अन्धनक्कलमा बनेको छ । नेपाली समाज, जहाँ धर्म नै विज्ञान, पहिचान र संस्कृतिको आधार हो, यस्तो ठाउँमा धर्मलाई पाश्चात्य 'रिलिजन' कै स्थानमा सीमित गरिएको छ । नेपाली समाजको मौलिकता अनुसारको संघीयता रचना गरिएको छैन । सामुदायिक कानुन (कस्टमरी ल) लाई स्वीकार गरिएको छैन । संविधान र कानुनबीचको विरोधाभास अझै कायम छ । जसका कारण कहिले वैदिकहरूलाई अपमान हुने र कहिले मुन्धुमीहरूलाई दमन हुने अवस्था सृजना भइरहेको छ ।

यता विद्रोहीहरूको दृष्टिकोण पनि पाश्चात्य यान्त्रिक चिन्तन परम्परामै आधारित छ । पहिचान सम्बन्धी यान्त्रिक दृष्टिकोणका कारण उनीहरू विभाजनमुखी छन् । विविधता र एकता परिपूरक छन् भन्ने तथ्यमा ध्यान दिइरहेका छैनन् । वेद र मुन्धुम बीचमा अनावश्यक भेद खोजिरहेका छन् । सहकार्य र सहअस्तित्वको महत्वलाई बेवास्ता गरिरहेका छन् ।

विद्रोहीहरूले आत्मसात् गर्नुपर्ने पक्ष यो हो कि, नेपालको सन्दर्भमा पहिचान र सामुदायिक अधिकारको कुरा कानुनी प्रश्न मात्र होइन, यसमा अन्तरसामुदायिक मनोविज्ञान र संवेदनशीलता पनि जोडिएको हुन्छ । यो विषयलाई विद्रोहीहरूले बेवास्ता गर्न मिल्दैन ।

सारमा, धरानमा जे भयो यसमा राज्य र विद्रोही दुवैको अतिवादी सोच जिम्मेवार देखियो । सामाजिक सञ्जालले यही विषयलाई अतिरञ्जित प्रचार गर्‍यो । जसका कारण पूरै मुलुक तरंगित बन्ने अवस्था सृजना भयो । 'प्रविधि-क्रान्ति' सहितको नेपाली समाजको बहुआयामिक संवेदनशीलतालाई सबै पक्षले बुझ्दा मात्र आगामी दिनमा सबै पक्षको हित हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# कृषि उत्पादनमा वातावरण प्रदूषणका चुनौती



✍ डा. केदार कार्की

वर्तमान समयमा गाउँ पनि सहर बन्दै गएका छन् । बिस्तारै सहरी सुविधा गाउँमा पुग्दै छन् । कतिपय गाउँमा बिजुली, पानी, सडकलगायतका आधारभूत सुविधा पुगेकाले ग्रामीण जीवन स्तरमा सुधार आएको छ ।

भौतिकवादी जीवनशैली अहिले ग्रामीण क्षेत्रमा जीवनको अभिन्न अङ्ग बन्दै गएको छ । एकातिर ग्रामीण जीवनयापन गर्न सहज भएको छ भने अर्कोतर्फ गाउँमा प्रकृतिसँग मेलमिलापमा बाँच्ने जीवनशैली समाप्त हुँदै गएको छ । यही कारण आज सहरमा देखिने समस्या र विकृतिबाट गाउँमा पनि देखिन थालेका छन् । ग्रामीण क्षेत्रमा प्रकृतिसँग मेलमिलाप गरी बाँच्नु, प्राकृतिक रूपमा जीवन बिताउनु र आफ्नो आहारमा प्राकृतिक खाद्यवस्तु समावेश गर्नु शताब्दीयौँदेखि नेपाली ग्रामीण जीवनशैलीको अभिन्न अङ्ग बन्दै आएको छ । तर यो जीवनशैलीको पुरातन सम्पदाले आफ्नो अस्तित्व गुमाएको छ ।

कुनै समय गाउँ वातावरणको सबैभन्दा नजिकको मित्र मानिन्थ्यो । हरिया रुख र बोटबिरुवा, बाली, पशुपन्छीको चहलपहलले गाउँमा प्रकृतिप्रेमीको ध्यान तान्थ्यो । तर आज वातावरणको सबैभन्दा ठूलो मित्र गाउँ नै आफ्नो शत्रु बनेको छ । हामीले प्राकृतिक सम्पदाको कम उपयोग र सकेसम्म बढी संरक्षण गर्नुपर्छ । अनि मात्र हाम्रो पृथ्वी र वातावरण सुरक्षित हुने छ । तर वातावरण संरक्षण भइरहेको छैन । यही कारणले आज वातावरण र प्रकृति दुवै खतरामा छन् ।

नेपाल कृषि प्रधान देश हो । अधिकांश जनसंख्या कृषिमा निर्भर छ । बढ्दो जनसंख्यालाई ध्यानमा राख्दै कृषिमा वातावरणको महत्त्व धेरै गुणा बढ्दै गएको छ । उत्पादन वृद्धि गर्न कृषकले असन्तुलित मात्रामा रासायनिक मल र विषादीको जथाभावी प्रयोग गरिरहेका छन् । यसका कारण खेतबारीको माटोदेखि हावा, पानी, फलफूल, तरकारी, अनाज, दूध, मासु सबै बिग्रिँदै गएको छ । यसले गाउँका पोखरी, खोला र नहरलाई पनि असर गरिरहेको छ । यो स्वास्थ्यका लागि राम्रो होइन । विषादी, झार मार्ने वा रासायनिक मलको उपभोगलाई हेर्दा विगत दुई दशकयता बढेको छ । चिन्ताजनक पक्ष के छ भने किसानहरूले आफ्नो स्तरभन्दा धेरै औषधी प्रयोग गरिरहेका छन् । ती औषधी घातक छन् । आज सबैको एउटै लक्ष्य उपज बढाउने र धेरै आम्दानी गर्ने छ, जनस्वास्थ्यमा हानि पुगे पनि । यही कारणले स्वास्थ्य र वातावरण संरक्षण गर्न सन्तुलित मल र एकीकृत कीरा व्यवस्थापनको प्रयोगमा आज कृषि वैज्ञानिकहरूले जोड दिइरहेका छन् ।

विषादीको अव्यवस्थित प्रयोगले वातावरण प्रदूषित हुँदै गएपछि कृषिमा महत्त्वपूर्ण भूमिका खेल्ने किसानका मित्र कीरा पनि मारिने गरेको छ । यसले शत्रु कीराको संख्या निकै बढेको छ । शत्रु कीरा बढ्नु खेतीका लागि राम्रो संकेत होइन । खेत र बालीमा मिल्ने कीरा प्रशस्त भएमा शत्रु कीराले फैलने मौका पाउँदैन । यसले बालीमा कीराको प्रकोप कम हुन्छ । त्यति मात्र होइन, त्यस्ता विषादीको प्रयोगले बाली र किसानलाई सहयोग गर्ने चराका धेरै प्रजाति लोप भएका छन् । तिनीहरूले बिरुवाहरूमा परागणबाट शत्रु कीरा खाएर वातावरण सफा राख्न काम गर्छन् । यी चरामा भँगेरा, गिद्ध, पहाडी बटेर, सुगा, बाया, चरा, सेतो परेवा, हरियो चरा, नीलकण्ठ, सारस, वाटर कुकरको नाम मात्र बाँकी छ ।

झारपात फैलनबाट रोक्न मल्चिङ जस्ता जैविक क्रियाकलापलाई प्रवर्द्धन गर्न आवश्यक छ । रासायनिक मलको सन्तुलित प्रयोग र गाईको गोबर मल, कम्पोस्ट मल, वर्मी कम्पोस्टको प्रयोग गर्नु पर्छ । गाउँ गाउँमा पनि पोलिथिनको प्रयोग धेरै छ । त्यसको मुख्य कारण पोलिथिन झोलाको बढी प्रयोग हो । पोलिथिनलाई 'प्रयोग र फ्याँक'को संस्कृतिले बढावा दिएको छ ।

पोलिथिन वातावरणको शत्रु हो । पोलिथिन जमिनमा गाडेपछि पनि नष्ट हुन करिब २०० वर्ष लाग्छ । जलायो भने पनि यसले धेरै विषाक्त ग्यास उत्सर्जन गर्दछ । यो ग्यास मानवका लागि मात्र होइन बोटबिरुवा, जनावर र पन्छीका लागि पनि धेरै नै हानिकारक हुन्छ । प्लास्टिक वा पोलिथिन जमिनमा गाड्दा वरपरको पानी पनि बिग्रन्छ । यसले जमिनभित्रको पानीमा विषाक्त तत्त्व मिश्रण भएर प्रदूषित हुन पुग्छ ।

ग्रामीण क्षेत्रमा काटिने रुखको संख्याको अनुपातमा नयाँ रुख रोपिएको छैन । कुनै समय जङ्गलै मात्र भएको ठाउँमा आज रुखको नाम निसान छैन । यही कारण प्राय: सामान्य वर्षा हुँदैन, खडेरीको अवस्था सिर्जना हुन्छ । तापक्रम बढ्नुको मुख्य कारण पनि यही हो । वर्षा, जाडो र गर्मीको प्राकृतिक सन्तुलन बिग्रिएको छ । त्यसले बालीमा कीराको प्रकोप बढ्दै जाँदा उत्पादनमा पनि कमी आएको छ । वातावरणीय सन्तुलन बिग्रन थालेपछि जलवायु परिवर्तन र ग्लोबल वार्मिङ जस्ता समस्या देखिन थालेका छन् । पृथ्वीको तापक्रम बढेसँगै हिमसिला पग्लने खतरा छ । त्यसले नदीहरूको अस्तित्व नै संकटमा पारेको छ । सिँचाइको अभावमा बाली सुक्छ र बाढी जस्ता प्रकोप पनि आउँछ । कार्बनडाइअक्साइड, मिथेन, क्लोरोफ्लोरोकार्बन, नाइट्रस अक्साइड र जलवाष्प जस्ता ग्यासहरूले ओजोन तहमा प्वाल परेको र हरितगृह ग्यासहरूको प्रभावका कारण पृथ्वीको तापक्रम बढेको तापक्रम वृद्धिमा पनि हानिकारक ग्यासहरूको भूमिका कम छैन। ।

मानव जीवनमा वातावरणको उपयोगिता पिउनका लागि पानी र खानका लागि खाना जत्तिकै महत्त्वपूर्ण छ । स्वस्थ वातावरणबिना जीवको जीवन कल्पना गर्नु अर्थहीन छ । वातावरणीय सन्तुलन बिगार्नमा मानिसको भौतिकवादी सोच पनि कम जिम्मेवार छैन । विकासको अन्धो दौडमा आज सबै जना अगाडि र पछाडि नहेरी एकअर्काको अगाडि बढ्ने प्रतिस्पर्धामा छन् । हामीले समयमै वातावरण संरक्षण गर्न अगाडि नआएमा यसको मार आगामी पुस्ताले भोग्नुपर्ने छ । गाउँगाउँमा बसोवास गर्ने जनताले वातावरणको आवश्यकता बुझेर बढीभन्दा बढी रुख रोप्नुपर्छ । पोलिथिनको प्रयोग बन्द गर्नु पर्छ । कीटनाशक विषादी र रासायनिक मलको प्रयोग कम गर्नुपर्छ । प्राकृतिक खेतीलाई अवलम्बन गर्ने प्रयाससँगै विषदीमुक्त अन्नको खेतीतर्फ लाग्नु पर्छ । यसले स्वास्थ्यको साथै वातावरण पनि जोगाउँछ । प्रकृतिसँग सन्तुलन मिलाएर खेतीपाती गरियो भने मानिस, पशु, पन्छी र पृथ्वी सबैको कल्याण हुन्छ ।

*(साभार: रातोपाटी)*

# बजार शिथिल भएपछि चालूपूँजी कर्जामा राष्ट्र बैंक लचक

काठमाडौं/नेपाल राष्ट्र बैंकले लामो समयको रस्साकस्सीपछि चालुपूँजी कर्जा सम्बन्धी मार्गदर्शन २०७९ लाई दोस्रोपटक संशोधन गर्दै निकै नै लचक बनाएको छ ।

सोमबार राष्ट्रबैंकले गरेको संशोधनमार्फत कम्पनीहरुले वार्षिक कारोबारको ४० प्रतिशतसम्म चालु पूँजी कर्जा लिन पाउने व्यवस्था गरेको हो । यसअघि यस्तो कर्जाको सीमा २५ प्रतिशत मात्रै थियो । राष्ट्रबैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत यो मार्गदर्शनमा पुनरावलोकन गर्ने घोषणा गरेको थियो ।

केन्द्रीय बैंकले आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार ७ दिन कर्जा सीमाको शून्य कायम गर्नुपर्ने व्यवस्थामा पनि परिमार्जन गरेको छ । नयाँ व्यवस्था अनुरुप अब यस्तो प्रकृतिको कुनै पनि प्रकारको कर्जालाई शून्यमा झार्नुपर्ने छैन ।

त्यसमध्ये क्यास-क्रेडिट कर्जामा १० प्रतिशत भन्दा कम बक्यौता कायम गर्नुपर्ने व्यवस्था गरिएको छ भने ट्रस्ट रिसिप्ट कर्जा, डिमाण्ड तथा अन्य चालु पूँजी कर्जामा भने यस्तो व्यवस्था नै हटेको छ ।

निजी क्षेत्रले माग गरेअनुरुप नै चालू पूँजी कर्जामा लचकता अपनाएको राष्ट्रबैंकका गभर्नर महाप्रसाद अधिकारीले बताए । 'बजार सामान्य अवस्थामा भएको भए मार्गदर्शनमा परिमार्जन आवश्यक थिएन । तर, अहिले बजार अत्यन्तै अप्ठ्यारो अवस्थामा छ । त्यसो हुँदा हामीले चालू पूँजीसम्बन्धी स्थापित मान्यताभन्दा धेरै नै लचक ढंगले यसमा संशोधन गरेका छौं', गभर्नर अधिकारीले भने ।

चालू पूँजी कर्जाको मार्गदर्शन लागू नहुने सीमामा पनि केन्द्रीय बैंकले हेरफेर गरेको छ । यसअघि सबै प्रकार कम्पनीहरुलाई एक करोड रुपैयाँसम्म चालूपूँजी कर्जासम्बन्धी मार्गदर्शन लागू नहुने व्यवस्था थियो । अन्य कम्पनीलाई यही व्यवस्था कायम रहे पनि उत्पादनमूलक उद्योगमा ३ करोडसम्मको कर्जामा मार्गदर्शन लागू नहुने बनाइएको छ ।

त्यस्तै, उत्पादनमूलक उद्योगको ४ करोडसम्मको कर्जामा वार्षिक कारोबारको ५० प्रतिशतसम्म चालुपूँजी कर्जाको सीमा कायम गर्नसक्ने व्यवस्था गरेको छ ।

नेपाल राष्ट्र बैंकले गत वर्षको कात्तिकमा चालुपूँजी कर्जा सम्बन्धी मार्गदर्शन ल्याएपछि निजी क्षेत्रले त्यसको विरोध गर्दै आएको थियो । यस विषयलाई संशोधन गर्न निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुले प्रधानमन्त्रीसमेतलाई गुहारेका थिए ।




चालू पुँजी सम्बन्धी मार्गदर्शन संशोधन राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृति दिएपछि मात्रै जारी गर्ने सहमति मौद्रिक नीति पारित गर्ने बोर्ड बैठकमा भएको थियो । सोही अनुसार सोमबार बिहान राष्ट्र बैंकको सञ्चालक समिति बैठकमा छलफल भएर स्वीकृत गरेपछि मात्रै राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभागले उक्त मार्गशर्दन संशोधन गरेको हो ।

बैंक र व्यवसायीको आपसी सहमतिमा वित्तीय स्रोतको अनिश्चित प्रयोग भइरहेको अवस्थामा नयाँ मार्गदर्शनले वित्तीय स्रोतको सही उपयोग र पारदर्शी बनाउन मद्दत गर्ने उसको दाबीसहित १ कात्तिक २०७९ बाट राष्ट्र बैंकले मार्गदर्शन कार्यान्वयनमा ल्याएको थियो । मार्गदर्शनले कर्जा जुन प्रयोजनको लागि लिइएको हो सोही प्रयोजनको लागि खर्च गर्नुपर्ने सुनिश्चितता गरेको थियो । यसअघि २७ पुस २०७९ मा नै यो पहिलोपटक संशोधन भएको थियो ।

लेखापरीक्षण भएको कारोबार रकम सोही वर्षको अनुमानित वित्तीय विवरणको तुलनामा २० प्रतिशतभन्दा कम भएमा चालुपूँजी कर्जाको सीमा समायोजन गर्नुपर्ने व्यवस्थाका कारण व्यवसायीले यसको विरोध गरिरहेका थिए । यसअघिको हेलचेर्क्याइँलाई कडाइ गर्न बैंकहरूले नियमित रूपमा कागजात तथा ऋणीको खाता पनि आकस्मिक निरीक्षण गर्नुपर्ने व्यवस्था गरिएको थियो । प्रत्येक त्रैमासको अन्तिम महिनामा चालुपूँजीको सीमा वृद्धि गर्न र पुराना ऋणीलाई नयाँ चालुपूँजी कर्जा स्वीकृत गर्न नपाइने व्यवस्थासमेत थियो ।

ठूला ऋणीहरुले कर्जाको 'एभरग्रिनिङ' गरेर वित्तीय स्रोतमा कब्जा जमाएको भन्दै केन्द्रीय बैंकले त्यसमा लगाम लगाउन खोजेको थियो । तर, विगत दुई वर्षदेखि अर्थतन्त्र निरन्तर रुपमा ओरालो लागिरहेको सन्दर्भमा केन्द्रीय बैंकले लचकता अपनाएको देखिन्छ ।

चालु पूँजी कर्जा मार्गदर्शनमा भएको संशोधनले निजी क्षेत्रलाई सहजीकरण गर्ने नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवाल बताउँछन् । उनले भने, 'यसअघि कतिपय विषयमा व्यवहारिक समस्या थिए, तिनलाई पनि यो संशोधनले समाधान गर्ने देखिन्छ ।'

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका पनि पहिलेभन्दा खुकुलो बनाएर चालुपूँजी कर्जा मागदर्शन आउनु सकारात्मक भएको बताउँछन् । वार्षिक कारोबारको २५ प्रतिशतको सीमा रहेकामा त्यसलाई बढाएर ४० प्रतिशत पुऱ्याउँदा त्यसले व्यवसायीलाई सहज हुने उनले बताए ।

वर्षमा सात दिन अनिवार्य रुपमा चालू पुँजी कर्जा शून्य बनाउनुपर्ने व्यवस्थालाई सच्याएर क्यास-क्रेडिट कर्जामा मात्रै सीमित गर्ने र त्यसमा पनि १० प्रतिशत कायम गर्न पाइने व्यवस्थाले केही सहज बनाउने उनले बताए । अहिले व्यवसाय घटामा रहेको अवस्थामा त्यो लागू गर्न पनि कठिन रहेको उनले बताए ।

अहिले व्यवसायीलाई सहज फाइनान्सिङ आवश्यक रहेका बेला राष्ट्रबैंकले राम्रो काम सुरु गरेको परिसंघका अध्यक्ष अग्रवाल बताउँछन् । 'अब सरकारले पुँजीगत खर्च गरेर तरलता बढाउनुपर्छ, ब्याजदर अझै घट्नुपर्छ', उनले भने । जग्गाको कित्ताकाट पनि खुलेकोले अर्थतन्त्र अब सहज हुँदै जाने उनको तर्क छ । नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसी पनि केन्द्रीय बैंकले उद्योग र वर्किङ क्यापिटल साइकल फरक भएका अन्य कम्पनीलाई फरक खालको नीति लिन खोजेको बताउँछन् ।

'बैंकहरुले नै आवश्यकताका आधारमा ४० प्रतिशतसम्म कर्जा दिनसक्ने गरी संशोधन भएको छ, त्यसले सकारात्मक प्रभाव पर्नेछ', उनले भने । चालुपूँजी कर्जाको सबै लिमिट आर्थिक वर्षमा १ पटक ७ दिनको लागि शून्य गर्नुपर्ने व्यवस्थालाई क्यास क्रेडिट कर्जामा १० प्रतिशत भन्दा तल ल्याउनुपर्ने र अन्यमा आवश्यक नहुने हुँदा त्यसले निकास दिन्छ भन्ने लागेको उनले बताए ।

यस्तै सरकार र विश्व बैंकलगायतका निकायसँग काम गर्ने निर्माण कम्पनीलाई भेरियन्ससम्बन्धी व्यवस्थालाई दीर्घकालीन रुपमा नै काम गर्न दिने व्यवस्था पनि निर्माण क्षेत्रको समस्यालाई हेरेर ल्याएको बैंकर केसी बताउँछन् ।

'भेरियन्स एनालाइसिस पनि २ वर्षपछि मात्रै कार्यान्वयन हुने व्यवस्था गरिएको छ । धेरै समस्यालाई सम्बोधन गर्न खोजिएको छ', बैंकर केसी बताउँछन् ।

बैंकर संघका पूर्वअध्यक्ष तथा नबील बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना पनि निजी क्षेत्रका धेरै समस्या सम्बोधन गर्ने गरी चालुपूँजी कर्जा सम्बन्धी मार्गदर्शन संशोधन भएको बताउँछन् । उनले भने, 'आकस्मिक चालुपूँजी कर्जा पनि २ पटकसम्म दिन पाइने भएको छ । यस्तै कर्जा बक्यौता शून्य नै हुनु नपर्ने र क्यास क्रेडिट कर्जामा मात्रै १० प्रतिशत भन्दा तल कायम गर्दा हुने व्यवस्थाले सहजीकरण गर्छ भन्ने लाग्छ ।'

## कर्जा नोक्सानी व्यवस्था र वर्गीकरणमा पनि कडाइ

राष्ट्रबैंकले चालुपूँजी कर्जामा व्यवसायीलाई लचकता अपनाउँदै कर्जाको नोक्सानी व्यवस्था र वर्गीकरणमा कडाइ गरेको छ । राष्ट्र बैंकको सञ्चालक समितिबाट स्वीकृत गराएरै राष्ट्र बैंकले उक्त परिपत्र जारी गरेको हो ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको विस्तारित कर्जा सुविधा (इसीएफ)को शर्त अनुसार नेपालको १० वर्ष बैंकको एसेट क्वालीटी रिभ्यु हुँदै छ । त्यसअगाडि राष्ट्र बैंकले बैंकिङ प्रणालीमा समस्या छैन भनेर देखाउन सबै जोखिमको प्रोभिजन गराउन खोजेको राष्ट्र बैंक स्रोतको दाबी छ । नेपालका बैंकहरुको निष्क्रिय कर्जा अनुपातमा आईएमएफले पटक पटक शंका व्यक्त गर्दै आएको थियो । आईएमएफकै शर्तअनुसार एसेट क्वालीटी रिभ्यु गर्नुअघि कर्जाको बर्गीकरणमा राष्ट्र बैंक कठोर बनेको हो ।

एउटै व्यक्ति वा संस्थाले एकभन्दा बढी कर्जा लिएर कुनै एउटा कर्जामा निष्क्रिय वर्गमा वर्गीकरण भएमा अन्य कर्जालाई सुक्ष्म निगरानीमा राख्न निर्देशन दिएको छ । यस्तै कुनै समूहभित्रको एक ऋणीले लिएको कर्जा निष्क्रिय वर्गमा बर्गीकरण भएमा समूहमा रहेको अन्य सदस्य ऋणीहरुको उक्त ऋणीसँगको व्यवसायिक अन्तरसम्बन्धबाट पर्ने असरको विश्लेषण गरी उक्त ऋणीबाट प्रत्यक्ष प्रभावित हुने समूहका अन्य ऋणीलाई पनि निष्क्रिय वर्गमा वर्गीकरण गर्न निर्देशन दिएको छ ।

यसले बैंकहरुलाई समस्या पर्ने बैंकर्स संघका पूर्वअध्यक्ष तथा नबील बैंकका प्रमुख कार्यकारी अधिकृत ढुंगाना बताउँछन् । यस्तै निष्क्रिय कर्जामा वर्गीकरण भएको कर्जाको भाखा नाघेको बक्यौता रकम भुक्तानी गरी लगातार ६ महिनासम्म किस्ताको सावाँ तथा ब्याज भुक्तानी नियमित भएमा मात्रै असल वर्गमा वर्गीकरण गर्न राष्ट्र बैंकले निर्देशन दिएको हो । यस्तो कर्जाको नोक्सानी व्यवस्था पनि ६ महिनासम्म कायम राख्नुपर्ने भएको छ ।

निष्क्रिय वर्गमा वर्गीकरण भएका कर्जा सोही वर्गभित्र स्तरोन्नति हुन आवश्यक प्रावधान पूरा गरेको ६ महिनापछि मात्रै स्तरोन्नति गरी सोही अनुसारको कर्जा नोक्सानी व्यवस्था कायम निर्देशन दिएको हो ।

राष्ट्र बैंकले कर्जा वर्गीकरणमा कडाइ गरेर एकातिरबाट व्यवसायीलाई छोडेजस्तो गरेर अर्कातिर बैंकहरुलाई कस्न खोजेको नबील बैंकका प्रमुख कार्यकारी अधिकृत ढुंगाना बताउँछन् । 'राष्ट्र बैंकको उद्देश्य ननबैंकिङ एसेट हुनुभएन भन्ने देखिन्छ । ऋण तिरिसकेपछि पनि ६ महिनासम्म कुनुपर्ने व्यवस्था व्यवहारिक भएन, त्यसको लजिक बुझ्न सकेका छैनौं', उनले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष मुरारका पनि समूहका कुनै एक जनाको निष्क्रिय कर्जा भयो भन्दैमा सम्पूर्ण साझेदारलाई निष्क्रिय कर्जामा राख्ने कुरा सकारात्मक नहुने उनले बताए । समूहका कुनै एउटा लगानीकर्ता खराब हुँदैमा सबैलाई [illegible] नै ठूलो समस्या [illegible] उनले बताए ।

(स्रोत: अनलाइनखबर)

# अब आफैं फिल्म र सिरिज बनाउने तयारीमा सिनेमाघर एप




काठमाडौं/कोरोना महामारीभन्दा अघिसम्म नेपालमा ओटीटी प्लेटफर्मलाई गम्भीर रुपमा लिइएको थिएन । एकाध सञ्चालनमा त आएका थिए तर कुनै अस्तित्वमा थिएनन् । कोभिडपछि विश्वमै ओटीटीमा फिल्म तथा सिरिज हेर्ने ट्रेन्ड बढ्यो । नेपालमा पनि ओटीटी प्रयोगकर्ता बढे । कोभिडकै समयदेखि एकाएक चर्चामा आएको सिनेमाघर एप अहिले नेपालकै सबैभन्दा ठूलो ओटीटी प्लेटफर्म बनेको छ ।

अघिल्लो वर्षको सुपर हिट फिल्म 'कबड्डी ४' रिलिजपछि सिनेमाघर एपप्रति दर्शकसँगै मेकरको आकर्षण बढेको छ । यही शुक्रबार फिल्म 'महापुरुष' पनि उक्त एपमा रिलिज भैसकेको छ । चाँडै 'जारी' फिल्म पनि रिलिज हुने जानकारी प्राप्त छ । तर, सिनेमाघर एप आफैंले फिल्म तथा सिरिज निर्माण भने गर्न सकिरहेको छैन । जसले गर्दा हलबाट उत्रिएका फिल्म मात्र रिलिज भैरहेका छन् ।

तर, अब चाँडै फिचर फिल्म तथा सिरिजहरु निर्माण गर्ने योजना रहेको एपका अध्यक्ष खगेन्द्र लामिछानेले जानकारी गराएका छन् । 'कबड्डी ४', 'जय 'भोले', 'महापुरुष' मेरो सर्कलको फिल्महरु हुन् । त्यसले गर्दा हामीलाई फाइदा चाहिँ भएको छ । तर, त्यो भन्दैमा हामी ढुक्कसँग बसेर पनि हुन्न । हामी फिचर फिल्म, सिरिज तथा कमेडी शोहरु निर्माणको तयारीमा जुटिसकेका छौं,' उनले भने ।

केही महिनामै हरेक १५/१५ दिनमा नयाँ फिल्म रिलिज गर्ने तयारी पनि भैरहेको उनले जानकारी गराए । अहिले एपमा युट्युबबाट भन्दा राम्रो कमाई हुने अवस्था आइरहेको समेत उनको दाबी छ । उनी भन्छन्, 'मलाई एपमा फिल्मले गरेको कलेक्सन रिपोर्टबारे जानकारी हुँदैन । त्यो हेर्ने बेग्लै टिम छ । एउटा कुरा चाहिँ के भन्न सक्छु भने युट्युबमा भन्दा राम्रो कमाई एपमा हुन थालिसक्यो ।'

# सुहाना घरभित्रको फिल्ममा कहिलेसम्म ?



काठमाडा/डेब्यू फिल्म 'ए मेरो हजुर ३'बाटै 'स्टार'को ट्याग पाएकी सुहाना थापा 'स्टार किड्स' हुन् । आमा झरना थापा (अभिनेत्री)को लिगेसी पछ्याउँदै अभिनयमा आएकी उनले घरभित्रका तीनटा फिल्ममा काम गरिसकेकी छन् । 'ए मेरो हजुर ४' पनि उनकै मुख्य भूमिका थियो । आगामी भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको झरना निर्देशित फिल्म 'एक भगवत् गीता'मा पनि उनी स्वयंको अभिनय छ ।

'ए मेरो हजुर ३'पछि उनलाई बाहिरका धेरै फिल्मबाट प्रस्ताव पुगे । उनले केही फिल्मको स्क्रिप्ट पनि पढिन् । तर, उनी घर भित्रको फिल्मबाट बाहिर निस्कन सकेकी छैनन् । उनका पिता तथा निर्माता सुनिल कुमार थापाले झन्डै २ वर्षअघिदेखि अध्ययनका कारण सुहानाले बाहिरको फिल्म गर्न नसकेको बताउँदै आएका छन् । तर, घरभित्रको फिल्म गर्न भने सुहानालाई पढाईले रोकेको छैन ।

उनले पढाईका कारण अझै डेढ वर्ष बाहिरको फिल्म नगर्ने भएकी छन् । शनिबार पत्रकार सँगको कुराकानीमा निर्माता थापाले भने, 'सुहानालाई घरबाहिरको फिल्ममा काम गर्न नदिएको भन्ने होइन । उसको पढाईले गर्दा हो । अबको डेढ वर्षपछि उसलाई जसले फिल्ममा काम गराए पनि हुन्छ । अब उसले एउटा मात्र घरको फिल्म गर्न सक्छ । त्यसबेलासम्म उसको पढाई पनि पूरा भैसक्छ ।'

'एक भगवत् गीता' रिलिजपछि सुहानाले घरभित्रकै 'ए मेरो हजुर ५'मा काम गर्न सक्ने सम्भावना छ । फिल्ममा आउनुभन्दा अगाडि उनले अमेरिकामा अध्ययन गरिरहेकी थिइन् । अघिल्लो वर्ष उनले जोर्ज मेसन यूनिभर्सिटीबाट मनोविज्ञान विषयमा ग्रयाजुएसन पूरा गरेकी छन् । फिल्मी माहोलमा हुर्किएकी उनले 'ए मेरो हजुर'को दुई श्रृंखलाबाटै अभिनयमा आफूलाई प्रमाणित गरिसकेकी छन् ।

# नम्रताको चेतावनी- 'मेरो मौनतालाई कमजोरी नठान्नुस्'

काठमाडौं/अभिनेता सारुक ताम्राकारको निधनपछि अभिनेत्री नम्रता श्रेष्ठमाथि धेरै प्रश्न उठेका छन् । फिल्म 'ह्यासट्याग माया'को छायांकनको क्रममा सारुकसँग नम्रताको झगडादेखि तन्त्रमन्त्रका कुरासम्म बाहिर आएका छन् । तर, सारुकको निधनपछि मौन रहेकी नम्रताले सोमबार फेसबुकमा स्टाटस लेख्दै आफूमाथि भैरहेको आक्रमणलाई लिएर प्रतिक्रिया जनाएकी छन् । आफ्नो मौनतालाई कमजोरी नठान्न उनको चेतावनी छ ।

नम्रताले फेसबुकमा लेखेकी छन्, 'एकजना महिला भएकै कारण यति धेरै सामाजिक आक्रमण भएको होला सायद । किनकि, यो पुरुष प्रधान समाज हो । ठीकै छ । मेरो मौनतालाई कमजोरी नठान्न अपिल गर्दछु । म एक महिला मात्र नभएर कलाकार पनि हो अनि नेपाली नागरिक । हरेक नेपाली नागरिकको बाँच्न पाउने नैसर्गिक अधिकार हुन्छ । सायद यो देशमा कानुन मरेको छैन ।'

आफू मेन्टल हेल्थ (मानसिक स्वास्थ्य)बाट गुज्रिएर आएकाले आत्महत्या जस्तो संवेदनशील विषयलाई मिडियामा ल्याउन उचित नठानेको उनले बताएकी छन् । प्रहरीले अनुसन्धानका लागि बोलाएको बेला आफू उपस्थित भएर बयान दिइसकेको समेत उनले उल्लेख गरेकी छन् । तर, मिडियामा देशै छाडेर आफू क्यानडा गएको भन्ने कपोकल्पित हल्ला फैलाइएको नम्रताको गुनासो छ ।

'चलचित्र मेकिङ टिम र मृतकका परिवारसँग मेरो परिवारका सदस्यहरू र सहयोगीले सुरुका दिनहरुबाट पटक-पटक सम्पर्क गर्न खोज्दा सम्पर्कमा आउनु चाहनु भएन,' उनले लेखेकी छन्, 'म आफू विरामी नै थिएँ, परिवारकै रेखदेखमा रहेँ । जब मलाई प्रहरी प्रशासनबाट बोलावट भयो म तुरुन्त प्रहरी कार्यालयमा हाजिर भएँ । यो घटनासम्बन्धी जे-जे यथार्थ थियो र जे हो मैले सबै बताएँ ।' प्रहरीले उक्त घटनाको दूधको दूध पानीको पानी हुने गरी अनुसन्धान गर्ने उनले विश्वास व्यक्त गरेकी छन् ।

# क्षमता वृद्धि र सेवा सुधार गर्दै भरतपुर अस्पताल

चितवन/सरकारी अस्पतालप्रति आम सेवाग्राहीको धारणा त्यति सकारात्मक पाइँदैन । उपचारमा ढिलासुस्ती हुन्छ र गुणस्तरीय उपचार पाइँदैन भन्ने धेरैको सोच पनि उत्तिकै छ । तर सबै सरकारी अस्पतालमा यही हुन्छ भन्ने पनि होइन । अधिकांश सरकारी अस्पतालमध्ये अपवाद बनेको छ, यहाँको भरतपुर अस्पताल ।

पछिल्लो समय अस्पतालले सरसफाइ तथा सौन्दर्यका साथै क्षमता बिस्तार र गुणस्तरीय सेवा सुविधामा विशेष ध्यान दिएको छ । जसको नतिजा अस्पतालको प्रदेशद्वारदेखि नै देख्न सकिन्छ । अस्पतालले निर्माण गरेको सुन्दर प्रवेशद्वार, पानीको फोहोरा र बगैंचाले अस्पतालको सुन्दरता बढाएको छ ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट प्रा डा कृष्ण प्रसाद पौडेलले अस्पतालले शय्याको संख्या वृद्धि गर्ने, सेवा सुविधा बढाउने र सहज तथा सुलभ उपचार दिने उद्देश्य अनुरुप क्षमता तथा सेवा बिस्तारसँगै सौन्दर्यमा पनि विशेष ध्यान दिइएको जानकारी दिए ।

वि.सं २०४९ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उद्घाटन गर्नुभएको अस्पतालमा तत्कालीन समयमा १२ शय्याको आकस्मिक कक्ष थियो । हाल त्यसलाई बढाएर ५० शय्याको अत्याधुनिक आकस्मिक कक्ष बनाइएको उनको भनाइ छ । साथै २० शय्याको सघन उपचार कक्षलाई बढाएर ३० शय्याको बनाइएको छ । हाल दुई ठाउँमा सघन उपचार कक्ष सञ्चालनमा छन् ।

त्यति मात्रै होइन, १२ शय्याको बाल सघन उपचार कक्षलाई २० शय्या बनाइएको छ भने हाल अस्पतालमा छ शय्याको पिआईसियु पनि सञ्चालनमा ल्याइएको छ । यस्तै पहिलो पटक चार शय्याको सिसियु र तीन शय्याको 'बर्न बार्ड' सञ्चालनमा ल्याइएको छ । यही भदौबाट मुटुरोग विभाग पनि सञ्चालनमा ल्याइएको अस्पतालको भनाइ छ ।

प्रा डा पौडेलका अनुसार सेवा सुविधा बिस्तार गर्ने क्रममा यसैवर्ष क्याथल्याव सञ्चालन गरिनेछ भने अत्याधुनिक ट्रमा सेन्टर पनि निर्माणको प्रक्रियामा छ । अस्पतालले रोटरी क्लबसँगको सहकार्यमा अर्को वर्षको असारसम्म सुविधा सम्पन्न स्पाइनल इन्जुरी सेन्टर सञ्चालन गर्ने तयारी गरेको छ । 'प्रयोगशालालाई उच्चस्तरको आधुनिक बनाइएको छ भने १२ शय्याको डायलासिस बढाएर १७ शय्याको पुऱ्याइएको छ', पौडेलले भने, 'केही दिनमै यसलाई २० शय्या बनाइनेछ ।'

पौडेलका अनुसार अस्पताल प्रसूतिका लागि पनि परिचित छ । यहाँ विभिन्न जिल्लाबाट प्रसूतिका लागि ठूलो संख्यामा सेवाग्राही आउने गरेका छन् । सोही विषयलाई ध्यानमा राख्दै प्रसूति विभागमा शय्या र कक्ष आधुनिक बनाइएको उनले जानकारी दिए ।

अस्पतालमा सुरक्षित बनाउन प्रवेशका लागि 'डिजिटल कार्ड प्रणाली'को व्यवस्था गरिएको उनको भनाइ छ । अस्पतालमा दुई मोडुलरसहितका सात शल्यक्रिया कक्ष सञ्चालनमा छन् ।

अस्पताल परिसरमा निर्माण गरिएको बगैंचाले अस्पतालको सौन्दर्य बढाएको छ भने सेवाग्राहीलाई पनि सहज भएको उनको बुझाइ छ । अस्पतालमा हाल पाँच वटा फार्मेसी सञ्चालनमा छन् । अस्पतालले चालु आर्थिक वर्षभित्रै एमआरआई मेसिन ल्याउने योजना बनाएको डा पौडेलले जानकारी दिए ।

प्रविधिको प्रयोग गर्दै सेवाग्राहीलाई अनलाइनबाट टिकट काट्ने व्यवस्था र कार्डबाटै भुक्तानीको व्यवस्था गरिएको छ । अस्पतालमा भदौ ३ गते एक दिनमा सबैभन्दा धेरै दुई हजार तीन सय ८० बिरामीले बहिरङ्ग सेवा लिएका थिगए । अस्पतालमा बहिरङ्ग सेवा निःशुल्क छ । अस्पतालमा रहेका छ सय शय्यामध्ये चार सय निःशुल्क गरिएको छ । हाल अस्पतालमा एक हजार ६१ चिकित्सक तथा कर्मचारी कार्यरत छन् । तीमध्ये नेपाल सरकारका तीन सय ९८ चिकित्सक तथा कर्मचारी छन् । पौडेलले दर बन्दी थप हुने हो भने अझ राम्रो सेवा दिन सकिने बताए ।

अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेलले बिरामीको सेवा र सुविधालाई दृष्टिगत गरी सेवा विस्तार गरिएको र अतिविशिष्ट सेवा सञ्चालनमा ल्याएपछि उनी उपचार गराउने बिरामीको संख्या बढेको बताए । उनले सरकारी अस्पतालमध्ये पहिलो पटक यस अस्पतालमा साधारण बहिरङ सेवा (जिओपिडी) सेवा सुरु गरिएको बताए । बिहान ८ बजेदेखि सुरु हुने यो सेवा बेलुकी ५ बजेसम्म सञ्चालन हुने गरेको छ ।

(स्रोत: अनलाइनखबर)

# महानगरको पक्षमा अन्तरिम आदेश, सेवाग्राहीसँग पार्किङ शुल्क लिन नपाइने




काठमाडौं/काठमाडौं महानगरपालिकाले गरेको सेवाग्राहीसँग पार्किङ शुल्क लिन नपाउने निर्णय कार्यान्वयन हुने भएको छ । महानगरको पक्षमा उच्च अदालत पाटनले अन्तरिम आदेश दिएसँगै कार्यान्वयनको बाटो खुलेको हो ।

काठमाडौं महानगरपालिले बहुतले आवासीय एवम् व्यावसायिक भवनहरुमा सवारी साधन पार्किङ गर्दा सेवाग्राहीहरूसँग शुल्क लिन नपाउने निर्णय गरेको थियो । तर त्यसविरुद्ध कम्पलेक्स डेभलपर लिजर एशोसिएनले महानगरविरुद्ध उच्च अदालत पाटनमा रिट दर्ता गरेको थियो ।

त्यो रिटमाथि २२ साउनमा सुनुवाइ गर्दै न्यायाधीश राजेन्द्र खरेलको एकल इजलासले काठमाडौं महानगरपालिकासँग लिखित जवाफ माग गरेको थियो । अदालतले ३० साउनसम्म व्यापारिक कम्प्लेक्सभित्र रहने पार्किङस्थलहरुमा पार्किङ शुल्क लिने सम्बन्धमा कुनै हस्तक्षेप नगर्न अल्पकालीन आदेशमा दिएको थियो ।

उक्त आदेशमा ३० साउनमा दुबै पक्षलाई अन्तरिम आदेशका लागि छलफलमा बोलाएको थियो । दुवै पक्षलाई छलफलमा बोलाइसकेपछि अदालतले महानगरको पक्षमा अन्तरिम आदेश दिएको हो ।

काठमाडौं महानगरले आर्थिक ऐन २०८० मार्फत महानगर पालिकाले व्यापारिक भवनहरुले पार्किङ शुल्क लिन नपाउने व्यवस्था गरेको हो । आर्थिक ऐन अनुसार आफ्नो सेवाग्राही भन्दा बाहेक अन्यसँग भने पार्किङ शुल्क लिन महानगर पालिकाले रोक लगाएको छैन ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



हेटौंडा उपमहानगरपालिका-११, स्थित लालीगुराँस टोल विकास संस्थाका सक्रिय महिला आफ्नो टोल सरसफाई गर्दै । महिलाले बढ्दो डेंगू संक्रमणलगायतका स्वास्थ्य जटिलतालाई ध्यान दिँदा 'आफ्नो टोल आफैं सफा राखौं' भन्ने अभियानमा जुटेका हुन् । लामखुट्टेको टोकाईबाट हुने डेंगू संक्रमणको जोखिम हेटौंडामा दैनिक बढिरहेको छ । यसतर्फ लालीगुराँस टोविस जस्तै नगरभित्रका सबै टोविसहरुले आफ्नो घरवरपर सरसफाई राख्न अभियान चलाउनुपर्ने आवश्यक देखिन्छ । डेंगू नियन्त्रणमा उपमहानगरपालिकाले सक्दो काम गरिरहेको र समुदायस्तरबाटै यसबाट बँच्न खटिनुपर्ने उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपाने बताउँछन् । उनले नगरभित्र डेंगू संक्रमण नियन्त्रण र रोकथामका लागि लामखुट्टे मार्ने स्प्रे गर्ने कामलाई तीव्रता दिएको बताए । *तस्बिरः प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

# सांसद कंसाकारले अझै पाइनन् क्षतिपूर्ति

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/कानुन र नीतिनियम निर्माण गर्ने थलो प्रतिनिधिसभाको सदस्यसमेत रहेकी एसिड पीडित हेटौंडाकी विन्दवासिनी कंसाकारले अझै क्षतिपूर्ति पाएकी छैनन् ।

एसिड पीडितहरुको पक्षमा कानुन निर्माण र जीवनरक्षाका लागि सरकारसमक्ष आवाज उठाउने थलोमै पुगेकी सांसद कंसाकारले वर्षौंदेखि क्षतिपूर्ति नपाएकी हुन् । ९ वैशाख २०७० मा एसिड आक्रमणमा परी एसिड पीडितहरुको अधिकार प्राप्तिका लागि लड्दै आएकी कंसाकार केही समयअघि मात्रै राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यमा मनोनित भएकी हुन् । जिल्ला अदालत मकवानपुरले क्षतिपूर्ति रकम तोकेर पीडक वा सरकारको कोषबाट क्षतिपूर्ति दिन आदेश दिएपनि उनले नपाएकी हुन् ।

मुलुकी फौजदारी संहिता २०७४ ले क्षतिपूर्तिसहितको न्याय व्यवस्था गरेपनि उनले न्याय पाएकी छैनन् । एउटै मुद्दाका एउटै



पीडकबाट १ करोड १४ लाख रुपैयाँ पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने जिल्ला अदालतको फैसलाअनुसार कंसाकारले यसअघि नै क्षतिपूर्ति पाउनुपर्ने थियो । कंसाकारको अनुहारमा भारतका अमरपूर्वन-६ का राज भन्ने दिलिपराज केशरीले हेटौंडामा एसिड प्रहार गरेका थिए । प्रेम प्रस्ताव अस्वीकार गरेको भन्दै केसरीले एसिड प्रहार गरेर फरार रहेका थिए । केशरीलाई घटनाको लामो समयपछि प्रहरीले पक्राउ गरेको थियो । केशरी हाल कारागारमा सजाय कटाइरहेका छन् ।

अदालतले पीडक केशरीबाट १ करोड १४ लाख रुपैयाँ क्षतिपूर्ति भराउने निर्णय गरेको थियो । अदालतको फैसलामा प्रतिवादी भारतीय नागरिक भएका कारणले निजको नामको सम्पत्ति नेपालमा नरहेकाले सरकारले नै राहत कोषबाट पीडितलाई उपलब्ध गराउन समेत फैसला गरेको छ । जिल्ला अदालतले क्षतिपूर्ति रकम सके अपराधीबाट भराउनू, उसले तिर्न नसके नेपाल सरकारले उपलब्ध गराउनू भनेर आदेश दिएको थियो । न्यायाधीश कमलराज विष्टको इजलाशबाट आदेश भएको तीन वर्ष बितिसक्दा पनि पीडित कंसाकारले क्षतिपूर्ति नपाएकी हुन् । हालसम्म क्षतिपूर्ति रकम नपाएको कंसाकारले बताएकी छन् ।

मुलुकी फौजदारी संहिता-२०७४ जारी भएपछि मकवानपुर जिल्ला अदालतले आर्थिक वर्ष २०७९/८० मा १७ जनालाई १२ लाख ५५ हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको छ । जिल्ला अदालत मकवानपुरका अनुसार आव ०७८/७९ मा क्षतिपूर्ति भराइ पाउँ र दाखिला गरीपाउँ भनेर ३० जना पीडितले दरखास्त दिएका थिए । तीमध्ये १३ जना क्षतिपूर्ति बापतको रकम लिन अहिलेसम्म अदालत आएका छैनन् । आव २०७९/८० मा पीडकबाट १० लाख ५५ हजार रुपैयाँ जरिवाना रकम दाखिला भएको थियो । पीडित राहत कोषबाट २ लाख रुपैयाँ उपलब्ध भएको थियो । १७ जना पीडितहरुलाई १२ लाख ५५ हजार क्षतिपूर्ति रकम उपलब्ध गराएको अदालतका सेस्तेदार लेखनाथ पौडेलले जानकारी दिए ।

# 'नमूना राष्ट्रसंघीयसभा'को आयोजना गर्दै नवोदय

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ नवोदय शिशु सदनको आयोजनामा हेटौंडामा अन्तर्राष्ट्रिय नीतिनियम, योजना तथा समस्याको समाधानबारे वृहत विश्लेषणसहितको नमूना संयुक्त राष्ट्रसंघीयसभाको आयोजना हुने भएको छ । विद्याथीहरुको नेतृत्व र व्यक्तित्व विकास, समालोचनात्मक सोचाई, सहकार्यलगायतका अन्तरनिहित प्रतिभाको विकास गराउने उद्देश्यले विद्यालयले एक वैचारिक कार्यक्रमको आयोजना गर्न लागिएको हो ।




आगामी भदौ १४ गतेदेखि १६ गतेसम्म हेटौंडामा नमूना संयुक्त राष्ट्रसंघीयसभाको आयोजना गर्न लागिएको सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । संयुक्त राष्ट्रसंघीयसभामा हुने कार्यक्रमहरुको नक्कल गरी सहभागीलाई विश्वव्यापी मुद्दाहरु र यसको सम्भावित समाधानको बारेमा धारणा राख्ने मौका दिइने जनाइएको छ । कार्यक्रममा विभिन्न राष्ट्रका प्रतिनिधिको भूमिका निर्वाह गर्दै विद्यार्थीले राष्ट्रकै पक्षमा रहेर विश्वव्यापी मुद्दामा छलफल गर्ने नवोदयन नमूना संयुक्त राष्ट्रसंघका महासचिव रायन खनालले जानकारी दिए ।

नमूना राष्ट्रसंघीयसभाका लागि ७ वटा निकायहरु पहिचान गरिएको छ । राष्ट्रसंघका विभिन्न निकायको कार्य क्षेत्र भिन्दाभिन्दै हुन्छन र तिनै कार्यक्षेत्रका मुख्य पूर्वनिर्धारित समस्यामा वृहतछलफल गरेर कार्यक्रमलाई संचालन गरिने बताइएको छ ।

नमूना संयुक्त राष्ट्र संघीयसभामा विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्र सुरक्षापरिषद, आर्थिक र वित्तीय मामिला परिषद, खाद्य र कृषि संगठन, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम र प्रतिनिधिसभा गरी ७ वटा निकायहरु परिकल्पना गरिएको छ । ती सातवटै निकायहरुको एजेन्डाको पूर्वनिर्धारण गरिएको छ ।

कार्यक्रममा हेटौंडा-४ मा रहेको नवोदय शिशुसदनसहित मकवानपुर बालविद्यासदन, कमाने एकेडेमी, चितवनको अर्किड स्कूल, नवलपरासीको गैंडाकोट स्कूल, बुटवलको एपेक्स स्कूलका विद्याथीले पनि सहभागिता जनाउनेछन् । क्लव हेटौंडा पाटी प्यालेसमा हुने नमूना संयुक्त राष्ट्रसंघीयसभामा करिब एक सय ६० जना विद्याथीको सहभागिता रहने अनुमान गरिएको छ ।

# कैलाशमा स्वास्थ्य सम्बन्धी समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ मकवानपुरको कैलाश गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा भएका प्रगति तथा चालु आर्थिक वर्ष ०८०/८१ को वार्षिक कार्ययोजना तर्जुमा गरेको छ । सोमबार गाउँपालिका प्रमुख लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

स्वास्थ्य शाखाको आयोजना भएको कार्ययोजना तर्जुमा कार्यक्रममा गत आवमा खोप सेवा/बालरोग व्यवस्थापन सेवाको अवस्था राम्रो सुधार भएको, क्षयरोगी र कुष्ठरोगीमा कमी, संस्थागत सेवामा सुधार, वर्थिङ सेन्टर सेवा राम्रो, बाल तथा मातृ मृत्युदरमा कमी, परिवार नियोजन सेवाको पहुँच बढ्दो रहनुका साथै गाउँपालिकामा पोषणको अवस्था कमजोर रहेको प्रगति प्रतिवेदनमा उल्लेख छ ।

छलफल कार्यक्रमले स्वास्थ्य क्षेत्रमा चालु आवमा गरिने कार्यक्रममा पूर्णप्रविधिमैत्री स्वास्थ्य संस्था, पालिका प्रमुख पोषण प्रवर्द्धन कार्यक्रम गरिनुका साथै पूर्णपोषणमैत्री स्वास्थ्य संस्था गाउँपालिका बनाउने लक्ष्य रहेको गाउँपालिका प्रमुख मुक्तानले बताए ।

स्वास्थ्य क्षेत्रमा कुनै पनि कमी नहुने गरी कर्मचारी पदपूर्ति गर्ने र स्वास्थ्य सेवामा मुस्कान सहित सेवा प्रदान गर्न प्रमुख मुक्तानले सबैलाई आग्रह गरेका छन् । प्रत्येक गाउँबासीको स्वास्थ्यसँग गाउँपालिका नजिक रहेर काम गरिने समेत प्रतिवद्धता गरेका छन् ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत अशोक विष्ट, स्वास्थ्य शाखा प्रमुख कृष्ण यादव लगायतको आतिथ्यता रहेको थियो । छलफल कार्यक्रममा गाउँपालिकाका स्वास्थ्यकर्मी तथा पालिकाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# सम्मान प्रदानसँगै रजत जयन्ती मनाउँदै मातृभूमि

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ मातृभूमि साहित्य समाज मकवानपुर ले मातृभूमि राष्ट्रिय सम्मान २०८० वरिष्ठ संस्कृतिविद् एवम् नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति प्राडा जगमान गुरुङलाई प्रदान गर्ने भएको छ ।

मातृभूमिले आफ्नै अक्षयकोषबाट स्थापना गरेको यो सम्मानको नगदराशि २५ हजार १ रुपैयाँ रहेको छ । नेपाल र नेपालीलाई चिनाउन महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति तथा संघसंस्थालाई प्रत्येक २ दुईवर्षमा प्रदान गरिने मातृभूमि राष्ट्रिय सम्मान २०८० गुरुङलाई समर्पण गर्ने निर्णय गरिएको समाजका अध्यक्ष माधव पोखेलले जानकारी दिए ।

यसैगरी मातृभूमि लघुकथारत्न सम्मान २०७९, वरिष्ठ लघुकथाकार डा. विदुर चालिसेद्वारा लिखित पुस्तक लघुकथालयलाई समर्पण गरिने पोखेलले बताए । मातृभूमि कार्यसमिति सदस्य किशन पौडेलद्वारा स्थापित यो सम्मान ११ हजार १ सय ११ रुपैयाँ धनराशिको छ ।

मातृभूमिको स्थापना दिवस आगामी असोज ६ गते शनिबार हेटौंडामा बिबिध साहित्यिक कार्यक्रमको आयोजना गरी मातृभूमिले यो पुरस्कार तथा सम्मान समर्पण गर्ने भएको छ । सोही अबसरमा महाकाव्यकार मुना अर्यालको दोस्रो महाकाव्य 'महाकाश' को पनि विमोचन गरिने भएको छ ।

पोखेलका अनुसार मातृभूमि स्थापनाको २५ वर्ष पुगेको उपलक्ष्यमा २०८० साललाई रजत जयन्ती वर्ष मनाउने तयारी भएको छ । 'मातृभूमिको अभियान साहित्य, संगीत, संस्कृति, कलाको सम्मान' भन्ने उदेश्यले २०५६ साल असोज ६ गते स्थापना भएको मातृभूमि साहित्य समाज मकवानपुरले भाषा र साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिदै आएको छ ।

# बागमतीमा सहुलियतपूर्ण ऋृणको बजेट कटौती

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/बागमती प्रदेश सरकारले उत्पादन र रोजगारीको सिर्जना गरी सहुलियतपूर्ण ऋृण लगानी गर्न विनियोजन गर्दै आएको बजेटमा कटौती गरेको छ ।

सहुलियतपूर्ण ऋृण लगानी प्रभावकारी नभएको भन्दै प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा वित्तीय व्यवस्थापनतर्फ सहुलियतपूर्ण ऋृण लगानीको बजेट कटौती गरेको हो ।

आव २०७७/७८ देखि प्रदेश सरकारले सहुलियतपूर्ण ऋृण लगानी कार्यविधि बनाएर कृषि, उद्योग, व्यापार व्यवसायका लागि ऋृण लगानी गर्दै आएको थियो । पहिलो पटक आव २०७७/७८ मा सहुलियतपूर्ण ब्याजदरमा ऋृण उपलब्ध गराउन तीन अर्ब रुपैयाँको कोषको लागि बजेट व्यवस्था गरिएको थियो ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले कृषि विकास बैंक लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडसँग ऋृण लगानीसम्बन्धी सम्झौता गरी बैंक तथा लघुवित्त वित्तीय संस्थालाई कोषबाट निकासा गर्ने र ती संस्थाले ऋृण लगानी गर्ने गर्दै आएका छन् । आव २०७८/७९ र आव २०७९/८० मा न्यून आय भएका परिवारलाई लक्षित गरी कार्यक्रमको निरन्तरताको लागि भन्दै दुई-दुई अर्ब रुपैयाँ विनियोजन गरिएको थियो ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सहुलियतपूर्ण ऋृण लगानी कार्यक्रमले सामान्य नागरिक र किसान लाभान्वित नभएको र पहुँचवालाहरुले ऋृण लगेको भन्दै बजेट आउनुपूर्व सार्वजनिक कार्यक्रममा यो कार्यक्रम हटाउने बताउँदै आएका थिए ।

तर, आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामातामाङले कार्यक्रमलाई कृषि उत्पादन र उद्यमशीलता विकासमा केन्द्रित गरिने भन्दै गत असार १ गते ल्याएको बजेटमा घटाएर ५० करोड रुपैयाँ कोषको लागि बजेट विनियोजन गरेका थिए । मन्त्री तामाङले चालु आवमा बजेटमा कार्यक्रम सञ्चालन विधिमा परिमार्जन गरी थप प्रभावकारी बनाइने उल्लेख गरेका छन् ।

# थाहामा 'लम्पी स्किन'बाट ३४ पशुचौपायाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ गाईभैंसीमा देखिएको 'लम्पी स्किन' रोगको संक्रमणबाट मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका पनि अछुतो छैन ।

हालसम्म थाहा नगर पालिकामा लम्पी स्किनबाट ३४ वटा चौपाया मरेको नगरको पशुसेवा शाखाले जनाएको छ । लम्पी स्किनको संक्रमण रोकथामका सम्बन्धित किसानहरुका लागि नगरको पशुसेवा शाखाबाट आवश्यक पर्ने खोप उपलब्ध गराइएको र सो खोप लगाउन शाखाले सहजीकरण गरि रहेको नगरको पशुसेवा शाखाप्रमुख संजय तिवारीले जानकारी दिए ।

तिवारीका अनुसार थाहानगर भित्र यो रोग नियन्त्रण उन्मुख रहेको बताए । लम्पी स्किन रोगबाट चौपाया बचाउनका लागि किसानहरुले नगरको पशुसेवा शाखाबाट आवश्यक औषधि लैजाने क्रम पनि जारी रहेको थाहा नगर पालिका पशुशाखाले जानकारी दिएको छ ।

पशुशाखाका अनुसार थाहा नगरपालिका भित्र रहेका ३ सय १० गाई भैंसीलाई लम्पी स्किन रोग लागेको र तीमध्ये ३४ वटा चौपायाको रोगको कारण मृत्यु भएको जानकारी दिएको छ । साथै नगर पालिका भित्र रहेका ११ सय ५० गाई भैंसीलाई लम्पिस्किन बिरुद्धको भ्याक्सिन लगाइएको नगरपालिकाले जानकारी दिएको छ ।

# मकवानपुरमा १२ जना डेंगू संक्रमित थपिए

हेटौंडा, ११ भदौ/ मकवानपुरमा १२ जना डेंगू संक्रमित थपिएका छन् । पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा उनीहरुमा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुर ले जनाएको छ ।

सोमबार सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकामा डेंगू संक्रमित थपिएका छन् । त्यहाँ ६ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । यसैगरी, थाहा नगरपालिकाका एक जना, मकवानपुरगढी गाउँपालिका एक जना, मनहरी गाउँपालिकाका एक जना, इन्द्रसरोवर गाउँपालिकाका एक जना, भीमफेदी गाउँपालिकाका एक जना र बकैया गाउँपालिकाका एक जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, सोमबार थपिएसँगै जिल्लामा डेंगू संक्रमितको कूल संख्या २८३ पुगेको छ । यो तथ्यांक साउन १ गतेदेखि सोमबारसम्मको हो । यस्तै, जिल्लामा डेंगू संक्रमणका कारण साउन १ गतेदेखि हालसम्म एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडाका एकजना पुरुष रहेका छन् ।

# हेटौंडाका घिमिरेले ७८ वर्षमा पाए सवारी लाइसेन्स



साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ हेटौंडा-५ निवासी देवप्रसाद घिमिरे (धर्मदत्त) ले ७८ वर्षको उमेरमा सवारी साधन अनुमतिपत्र (ड्राइभिङ लाईसेन्स) प्रप्त गर्न सफल भएका छन् । उनले (क) वर्गको अनुमतिपत्रको लागि फारम भरेसँगै गत भाद्र ७ गते लिखित परीक्षा पास गरेका थिए ।

लिखित परीक्षा पास गरेसँगै आइतबार ट्रायल परीक्षामा शतप्रतिशत अंक ल्याई उत्तीर्ण भएको यातायात व्यवस्था कार्यालय हेटौंडाका सूचना अधिकारी राजु अर्यालले बताए ।

पहिले ६० वर्ष उमेर सम्मले मात्र लाईसेन्स लिन पाउने व्यवस्था थियो, अहिले सवारी साधन चलाउन सक्नेले लाइसेन्स पाउने व्यवस्था अनुरुप घिमिरेले पनि दुबै परीक्षा पास गरी लाइसेन्स प्राप्त गर्न सफल भएको अर्यालले बताए ।

'सवारीसाधन चलाउन सक्नेले लाइसेन्स पाउने व्यवस्था छ भन्ने कुरा मैले भान्जी शान्ति भण्डारीबाट थाहा पाएपछि सोही अनुरुप आवेदन भरेको थिएँ'- घिमिरेले भने । घिमिरे भन्छन्- लाईसेन्स नहुदाँ सुरक्षित नहुने प्रहरीको सुझावलाई ग्रहण गरी आवेदन दिएको हुँ ।'

परीक्षा पास गरेँ अब भने तीन घण्टासम्म यात्रा गर्न सक्छु, घिमिरे बताउँछन् । पहिले पहिले पनि चलाउँथे तर, व्यस्त बजार र टाढाको यात्रामा हिड्ने गरेको थिइन अब हिड्छु र सामाजिक क्षेत्रमा बढी सक्रिय रहन्छु ।

सबैतिरबाट बधाई पाएपछि खुसी हुदैं घिमिरे भन्छन् उमेरले छेक्दैन, सुरक्षित यात्राका लागि लाइसेन्स लिएर मात्रै सवारी चलाउन सबैमा आग्रह छ ।

# १ असोजदेखि बञ्चरेडाँडामा फोहोर फाल्न नदिने स्थानीयको चेतावनी

काठमाडौं, ११ भदौ/ बञ्चरेडाँडा ल्याण्डफिल साइट वर परका बासिन्दाले सहमति अनुसार फोहोर व्यवस्थापन नगरेको भन्दै १ असोजदेखि फोहोर फाल्न नदिने चेतावनी दिएका छन् ।

बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्र सरोकार समितिले सोमबार पत्रकार सम्मेलन गरी यसअघि भएका सहमति पालना नभए असोज १ देखि फोहोर फाल्न नदिने बताएको हो । समितिका संयोजक श्रीराम ढुंगानाले भने, 'मान्छे र फोहोर एकै ठाउँमा बस्न मिल्दैन, हाम्रो मुख्य माग यही नै हो । त्यसैले अब बञ्चरे डाँडामा फोहोर लैजान रोक्नेछौं ।'

ल्याण्डफिल साइट प्रभावित क्षेत्रलाई विशेष सम्वेदनशील क्षेत्र घोषणा गर्नुपर्ने, प्रभावित क्षेत्रलाई अधिग्रहण गरेर मानव बस्तीरहित हरियाली क्षेत्र कायम गर्नुपर्ने, अस्पतालजन्य, विषादीजन्य र औद्योगिक फोहोरमैला फाल्न नपाइने उनीहरुको माग छ ।

काठमाडौं उपत्यकाको फोहोर नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनिवेशी नगरपालिकाको सिमानामा पर्ने बञ्चरेडाँडामा फाल्ने गरिएको छ । स्थानीय बासिन्दाले बेला बेलामा आन्दोलन गरे पनि अस्थायी समाधान खोजेर फोहोर फाल्ने गरिएको छ ।

**टुँडिखेलमा १० हजार मान्छे उतार्ने चेतावनी**

माग पूरा नगरे असोज १ देखि फोहोर रोक्ने र सरकारले जबर्जस्ती गरे १० हजार मान्छे टुँडिखेल उतार्ने सरोकार समितिले बताएको छ । 'धादिङ र नुवाकोटको १० हजार मान्छेलाई यहाँको प्रहरी प्रशासनले कुन-कुन जेलमा कतिदिन राख्छ हामी हाम्रा छोरा र नातिहरुका लागि त्यो सामना गर्छौं', संयोजक ढुंगानाले भने ।

ल्याण्डफिल साइट क्षेत्रका बासिन्दा हरि लामाले सो क्षेत्रमा कि फोहोर कि मान्छेमात्र रहन सक्ने बताए । आफूहरुको मागलाई संघीय सरकार, प्रदेश सरकार र काठमाडौं महानगरपालिकाले बेवास्ता गरेको उनको भनाइ छ । सरोकार समितिकी उपसंयोजक सुमित्रा ढकाल (घिमिरे)ले फोहोरमैलाको दीर्घकालीन समाधान हुन आवश्यक रहेको बताइन् । ककनी गाउँपालिका अध्यक्ष सुमन तामाङले प्रभावित क्षेत्रका बासिन्दाले स्वत:स्फुर्त आन्दोलनको तयारी गरेको बताए । 'ल्याण्डफिल साइटको धुनीबेशी नगर पालिका र ककनी गाउँपालिकाले आधिकारिक रुपमा रोक्ने निर्णय गरेको छैन तर स्थानीयको तयारी रहेको सुनेको छु', उनले भने ।

## २५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संथाको मिति २०८०/०५/०५ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २५ औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**साधारण सभा हुने :**
**मितिः** २०८०/०६/२६ गते शुक्रबार
**समयः** ११:०० बजे
**स्थानः** संथाको आफ्नै भवन परिसरमा

**छलफलका विषयहरुः**

१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन ।
२. अध्यक्ष डा. श्री गणेश बहादुर बल लामाज्युबाट आ.ब.२०८०/०८१ को भावि नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत सम्बन्धमा ।
३. कोषाध्क्षज्यूबाट आ.ब.२०७९/२०८० को लेखा परीक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋृण समितिको प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
४. आन्तरिक लेखा सुपरिवेक्षण समितिको तर्फबाट तयार पारिएको शुसासन सम्बन्धी वार्षिक प्रतिवेदन सम्बन्धमा ।
५. विनियम २०५५, कर्मचारी उपनियामवाली २०८०, बचत तथा ऋृण उपविनियम र आन्तरिक कार्यविधिपारित गरि अनुमोदन एवं संशोधन सम्बन्धमा ।
६. आ.व.२०८०/०८१ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. दिव्य साबुन उद्योग निजी क्षेत्रमा बिक्री गर्ने सम्बन्धमा ।
८. २०७९/८० को लाभांश बाडफाड सम्बन्धमा ।
९. निर्णय पुस्तिका प्रमाणीकरण सम्बन्धमा ।
१०. विविध ।

*(नोटः २०७९ सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीहरुलाई पुरस्कृत गरिने हुादा मिति २०८०/०६/१५ गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य १.५ लिटरप्रदान गरिनेछ ।)*

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसा रोड
सम्पर्क नं. : ०५७-५२४९१६, ५२५९१७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना